बागमती प्रदेश सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय हेटौंडा, नेपाल

# एकीकृत पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२

स्वीकृत मिति: २०८२।06।28

__प्रस्तावना__: निर्वाहमुखी तथा परम्परागत पशुपन्छी र मत्स्यपालन व्यवसायलाई क्रमशः व्यावसायिक रूपान्तरण गरी उत्पादन लागत न्यूनिकरण गर्ने, पशुपन्छी तथा मत्स्यजन्य पदार्थहरूको उत्पादन तथा उत्पादकत्व वृद्धि गरी कृषकको जीवनस्तरमा सुधार ल्याई प्रदेशको दिगो आर्थिक विकासमा योगदान पुऱ्याउने र उत्पादित वस्तुको प्रभावकारी बजारीकरण सुनिश्चित गर्दै प्रतिस्पर्धात्मक मूल्य श्रृंखला प्रणालीको विकास गर्ने उद्देश्यले प्रदेश विनियोजन ऐन, २०८२ को दफा ११ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयले यो कार्यविधि बनाई लागु गरेको छ।

## परिच्छेद-१
## __प्रारम्भिक__

१. __सङ्क्षिप्त नाम र प्रारम्भः__ (१) यो कार्यविधिको नाम **"एकीकृत पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२"** रहेको छ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ।

२. __परिभाषाः__ विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:-

(क) **"आपूर्तिकर्ता"** भन्नाले पशुपन्छी, मत्स्य, पशुपन्छी तथा मत्स्यजन्य पदार्थ वा पशुपन्छी तथा मत्स्य उत्पादन सामग्रीहरु बिक्री वितरण गर्ने कम्पनी, उत्पादक, वितरक, डिलरलाई सम्झनुपर्छ।

(ख) **"उत्पादन सामग्री"** भन्नाले पशुपन्छी तथा मत्स्य उत्पादनमा प्रयोग हुने मल, बिउ, बेर्ना, बिरुवा, पशुपन्छी तथा माछा, नश्ल, माछा भुरा, औषधी, खोप, तरल नाइट्रोजन, कृषि चुन, दाना, पोषक तथा शुक्ष्म तत्व, पशपन्छी तथा मत्स्यजन्य यन्त्र उपकरण लगायतका कृषि उत्पादन कार्यमा टेवा पुऱ्याउने सामग्री/वस्तुलाई समेत सम्झनुपर्छ।

(ग) **"कार्यक्रम"** भन्नाले वार्षिक स्वीकृत कार्यक्रम र बजेट सम्झनुपर्छ।

(घ) **"कार्यालय"** भन्नाले निर्देशनालय मातहतको पशु सेवा कार्यालय सम्झनुपर्छ।

(ङ) **"कृषि यन्त्र उपकरण"** भन्नाले पशुपन्छी तथा मत्स्य उत्पादन, प्रशोधन, भण्डारण तथा बजारीकरणका कार्यमा प्रयोग हुने यन्त्र उपकरण, औजार र एट्याचमेन्टलाई सम्झनुपर्छ।

(च) **"दुग्ध उत्पादक सहकारी संस्था"** भन्नाले दुध सङ्कलन, प्रशोधन तथा वितरण गर्ने सहकारी संस्था सम्झनुपर्छ। साथै सो शब्दले दुध सङ्कलन, प्रशोधन तथा वितरण कार्यमा संलग्न बहुउद्देश्यीय सहकारी, साना किसान सहकारी तथा कृषि सहकारी संस्था समेतलाई बुझाउँदछ।

बैकुण्ठ अधिकारी
प्रदेश सचिव

मा. मधुसूदन पौडेल
मन्त्री

Archived at https://infobank.bagamati.gov.np

(छ) **"निर्देशनालय"** भन्नाले मन्त्रालय मातहतको पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय सम्झनुपर्छ।

(ज) **"प्रदेश"** भन्नाले बागमती प्रदेश सम्झनुपर्छ।

(झ) **"पूर्वाधार"** भन्नाले सार्वजनिक/सामुदायिक/निजी प्रयोजनका लागि निर्माण हुने भवन, पशुपन्छी/मत्स्य बजार पूर्वाधार, पशुपन्छी/मत्स्यजन्य पदार्थ सङ्कलन/चिस्यान/भण्डारण संरचना, पशुपन्छी स्रोत केन्द्र, घाँस स्रोत केन्द्र, पशु गोठ/खोर, माछापालन पोखरी/रेश्वे, मत्स्य नर्सरी/ह्याचरी, दाना उद्योग, संरक्षित संरचना, प्रविधि सहितको यन्त्र उपकरण जडित प्रशोधन केन्द्र लगायत भौतिक पूर्वाधार, औद्योगिक ग्राम जस्ता पशुपन्छी तथा मत्स्य उत्पादन, प्रशोधन, भण्डारण र बजारीकरण सम्बन्धी पूर्वाधारको नयाँ निर्माण, थप निर्माण तथा सुदृढीकरणलाई सम्झनुपर्छ।

(ञ) **"प्रविधि"** भन्नाले पशुपन्छी तथा मत्स्यजन्य बाली वस्तुहरुको उत्पादन, प्रशोधन, भण्डारण र बजारीकरण सम्बन्धी कार्यमा प्रयोग हुने प्रविधि सम्बन्धी कार्यहरु सम्झनुपर्छ।

(ट) **"प्रस्तावक"** भन्नाले यस कार्यविधि र सार्वजनिक सूचना मुताबिक कार्यक्रममा सहभागी हुन प्रस्ताव पेस गर्ने कृषक समूह/कृषि सहकारी/निजी फार्म/उद्यमी/कम्पनी, जल उपभोक्ता/वन उपभोक्ता/कृषि बजार समितिलाई सम्झनुपर्छ।

(ठ) **"प्रोत्साहन अनुदान रकम दुरुपयोग"** भन्नाले सरकारले प्रदान गरेको प्रोत्साहन अनुदान रकमबाट निर्मित कृषि पूर्वाधार संरचना, खरिद गरिएका यन्त्र उपकरण तथा उत्पादन सामग्रीलाई कार्यक्रमको मर्म, उद्देश्य र सम्झौतामा तोकिएका शर्त तथा प्रतिबद्धता विपरीत प्रयोग वा सञ्चालन गर्ने कार्यलाई जनाउँछ। साथै, दोहोरो अनुदान सुविधा लिने, सम्झौता बमोजिम तोकिएको न्यूनतम अवधिसम्म व्यवसाय निरन्तर सञ्चालन नगर्ने, वा पूर्ण वा आंशिक रूपमा व्यवसाय, संरचना तथा सामग्री बिक्री गर्ने जस्ता कार्यहरू समेत यस दुरुपयोग अन्तर्गत पर्न आउनेछन्।

(ड) **"बोर्ड"** भन्नाले प्रदेश दुग्ध विकास बोर्ड सम्झनुपर्छ।

(ढ) **"मन्त्रालय"** भन्नाले प्रदेशको कृषि तथा पशुपन्छी विकास मन्त्रालय सम्झनुपर्छ।

(ण) **"लक्षित वर्ग"** भन्नाले आर्थिक रुपले कमजोर आदिवासी जनजाति, महिला, दलित, पिछडिएको वर्ग, अल्पसंख्यक जनजाति, अपाङ्गता भएका व्यक्ति, विपन्न खस आर्य, एकल महिला, सहिद परिवार, जेष्ठ नागरिक तथा अन्य पिछडिएका समुदाय तथा भूगोल समेतलाई जनाउँछ।

बैकुण्ठ अधिकारी
प्रदेश सचिव

मा. मधुसूधन पौडेल
मन्त्री

Archived at https://infobank.bagamati.gov.np

(त) **"लाभग्राही"** भन्नाले निर्देशनालय वा कार्यालयबाट सञ्चालन भएको कार्यक्रम अन्तर्गत सम्झौता गरी काम सम्पन्न गरेपछि भुक्तानी प्राप्त गर्ने साझेदारलाई सम्झनुपर्छ।

(थ) **"स्वलगानी"** भन्नाले साझेदारले आफ्नो तर्फबाट साझेदारी गर्ने रकमलाई सम्झनुपर्छ।

(द) **"संक्रामक रोग"** भन्नाले पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ को अनुसूचीमा उल्लिखित रोगहरु र नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेका अन्य रोगहरुलाई समेत जनाउँछ।

(ध) **"साझेदार"** भन्नाले सम्बन्धित निर्देशनालय वा कार्यालयबाट सञ्चालन हुने कार्यक्रमको लागि छनोटमा परी सम्झौता गरेका प्रस्तावक सम्झनुपर्छ।

(न) **"स्थानीय तह"** भन्नाले प्रदेशभित्र रहेका गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकालाई सम्झनुपर्छ।

## परिच्छेद-२
## कार्यक्रम सञ्चालन प्रक्रिया

३. **प्रस्ताव आह्वान:** (१) निर्देशनालय/बोर्ड/कार्यालयले स्वीकृत कार्यक्रममा सहभागी हुन इच्छुक प्रस्तावकलाई लक्षित गरी प्रस्ताव पेस गर्न २१ (एक्काइस) दिनको म्याद राखी अनुसूची-१ बमोजिमको सार्वजनिक सूचना राष्ट्रियस्तरको दैनिक पत्रिकामा प्रकाशन गर्नुपर्नेछ।

(२) उपदफा १ बमोजिम सूचना प्रकाशन गर्दा माग अनुसार प्रस्ताव दर्ता हुन नआएमा निर्देशनालय/बोर्ड/कार्यालयले न्यूनतम ७ (सात) दिनको समय सीमा राखी १ (एक) पटकको लागि प्रस्ताव आह्वानको पुनः सूचना प्रकाशन गर्नुपर्नेछ।

४. **प्रस्ताव दर्ता:** कार्यक्रममा सहभागी हुन सम्बन्धित कार्यक्रमको मापदण्ड वा शर्तहरु पुरा गरेका इच्छुक प्रस्तावकले दफा ३ मा उल्लिखित समय सीमाभित्र अनुसूची-४ बमोजिमको कार्ययोजना, अनुसूची-५ बमोजिमको प्रतिबद्दता पत्र, अनुसूची-६ बमोजिमको कार्यक्रम सञ्चालन हुने स्थानको नक्सा लगायतका अनुसूची-३ मा उल्लिखित आवश्यक कागजात सहित अनुसूची-२ को ढाँचामा आवेदन निर्देशनालय/बोर्ड/कार्यालय वा सम्बन्धित कार्यालयको पशु सेवा केन्द्रमा दर्ता गर्नुपर्नेछ।

५. **प्रारम्भिक सूची तयार गर्ने:** (१) निर्देशनालय/बोर्ड/कार्यालयले दर्ता भएका प्रस्तावहरुको सूचनामा माग भएका संलग्न गर्नु पर्ने आवश्यक कागजातहरु सबै समावेश भए नभएको र भर्नु पर्ने विवरणहरु सबै भरे नभरेको चेकलिष्ट अनुसार रुजु गरी प्रारम्भिक सूची तयार गर्नेछ। रीत नपुगेका प्रस्तावहरुलाई निर्देशनालय/बोर्ड/कार्यालयले मूल्याङ्कन प्रक्रियामा समावेश गराउने छैन।

वैकुण्ठ अधिकारी
प्रदेश सचिव

मा. मधुसुदन पौडेल
मन्त्री

Archived at https://infobank.bagamati.gov.np

(२) तयार भएको प्रारम्भिक सूची र सम्पूर्ण कागजातहरु निर्देशनालय/बोर्ड/कार्यालयले दफा ६ बमोजिमको मूल्याङ्कन समितिलाई मूल्याङ्कनको लागि उपलब्ध गराउनेछ।

६. <u>मुल्याङ्कन समितिः</u> (१) प्राप्त भएका प्रस्तावहरुको मूल्याङ्कन गरी स्वीकृतिका लागि सिफारिस गर्न निर्देशनालय/बोर्ड/कार्यालयमा एक मूल्याङ्कन समिति रहनेछ।

| | |
|---|---|
| निर्देशक वा कार्यालय प्रमुख वा निजले तोकेको वरिष्ठतम् अधिकृत, (निर्देशनालय/बोर्ड/कार्यालय) | -संयोजक |
| अधिकृत/प्राविधिक, योजना हेर्ने शाखा, निर्देशनालय/बोर्ड/कार्यालय | -सदस्य |
| कार्यक्रम हेर्ने अधिकृत/प्राविधिक, निर्देशनालय/बोर्ड/कार्यालय | -सदस्य |
| प्रमुख, आर्थिक प्रशासन शाखा, निर्देशनालय/बोर्ड/कार्यालय | -सदस्य |
| प्रमुंख, खरिद एकाइ, निर्देशनालय/बोर्ड/कार्यालय | -सदस्य सचिव |

(२) समितिले आवश्यक ठानेमा कार्यक्रमको प्रकृति अनुसार सम्बन्धित विषयगत क्षेत्रका बढीमा २(दुई) जना विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

७. <u>स्थलगत प्रमाणीकरण तथा मुल्याङ्कनः</u> (१) निर्देशनालय/बोर्ड/कार्यालयले तयार गरेको प्रारम्भिक सूची अनुसारका प्रस्तावहरु मूल्याङ्कन समितिले आवश्यक कागजात र विवरण रीतपूर्वक भए नभएको यकिन गरी स्थलगत प्रमाणीकरणको लागि छनोट भएका प्रस्तावकको सूची निर्देशनालय/बोर्ड/कार्यालय समक्ष पेस गर्नेछ। निर्देशनालय/बोर्ड/कार्यालयले अनुसूची-७ को चेकलिष्ट बमोजिम प्राप्त सूचीका प्रस्तावकहरुको स्थलगत प्रमाणीकरण गर्नेछ।

(२) आवश्यक ठानेमा मूल्याङ्कन समितिले समेत स्थलगत प्रमाणीकरण गर्न गराउन सक्नेछ।

(३) मूल्याङ्कन समितिले प्राप्त प्रस्ताव, संलग्न कागजात र स्थलगत प्रतिवेदनको आधारमा अनुसूची-८ बमोजिम मूल्याङ्कन गरी ५० (पचास) प्रतिशत वा सो भन्दा बढी अङ्क प्राप्त गर्ने प्रस्तावकहरुको योग्यताक्रम सूची अनुसार छनोट गर्न निर्देशनालय/बोर्ड/कार्यालय समक्ष सिफारिस गर्नेछ।

८. <u>प्रस्ताव छनोटको जानकारी तथा स्वीकृतिः</u> (१) समितिले सिफारिस गरेको योग्यताक्रम सूचीका प्रस्तावहरु बारे चित्त नबुझेमा गुनासो पेस गर्न निर्देशनालय/बोर्ड/कार्यालयले ७ (सात) दिनको समयसीमा राखी वेबसाइटमार्फत योग्यताक्रम सूचीसहितको आशयको सूचना प्रकाशन गर्नेछ।

(२) लिखित गुनासो पेस हुन आएमा उक्त गुनासो फछ्र्यौट गरेर मात्र अन्तिम योग्यताक्रम सूची प्रकाशन गर्नुपर्नेछ।

(३) निर्देशनालय/बोर्ड/कार्यालयले अन्तिम योग्यताक्रम सूचीबाट योग्तयताक्रमको आधारमा छनोट गरी प्रस्ताव स्वीकृत गर्नेछ।

बैकुण्ठ अधिकारी
प्रदेश सचिव

मा. मधुसुधन पौडेल
मन्त्री

Archived at https://infobank.bagamati.gov.np

(४) छनोट भएका प्रस्तावकहरुलाई छनोट भएको जानकारी दिनुपर्छ अधिकतम १५ (पन्ध्र) दिनभित्र सम्झौता गर्न वेबसाइट वा कार्यालयको आधिकारिक सोसल मिडियामार्फत सूचना प्रकाशन गरी आह्वान गर्नेछ।

(५) निर्देशनालय/बोर्ड/कार्यालयले सञ्चालन हुने कार्यक्रम/क्रियाकलाप अनुसारको प्राविधिक मापदण्ड निर्धारण गरी स्वीकृत गर्नेछ।

(६) निर्देशनालय/बोर्ड/कार्यालयले साझेदारलाई मापदण्ड अनुसार लागत अनुमान तयार गर्न स्वीकृत प्राविधिक मापदण्ड उपलब्ध गराउनेछ।

९. <u>कार्य योजना स्वीकृतिः</u> (१) सम्बन्धित कार्यक्रम अन्तर्गत सञ्चालन हुने क्रियाकलापहरुको स्वीकृत प्राविधिक मापदण्डको आधारमा साझेदारले लागत अनुमान र कार्यान्वयन कार्ययोजनां तयार गरी निर्देशनालय/बोर्ड/कार्यालय समक्ष पेस गर्नेछ।

(२) निर्देशनालय/बोर्ड/कार्यालयले उपदफा १ बमोजिम पेस भए अनुसार नै वा आवश्यक भए परिमार्जनसहित सम्झौतापूर्व नियमानुसार लागत अनुमान र कार्यान्वयन कार्ययोजना स्वीकृत गर्नेछ।

१०. <u>सम्झौताः</u> (१) छनोट भएका प्रस्तावकहरुसँग निर्देशनालय/बोर्ड/कार्यालयले अनुसूची-९ बमोजिम सम्झौता गरी कार्यक्रम कार्यान्वयन गर्नेछ।

(२) छनोट भएका प्रस्तावकहरु समय सीमाभित्र सम्झौता गर्न नआएमा वैकल्पिक योग्यताक्रम सूचीका प्रस्तावकलाई बढीमा ७ (सात) दिनको समयसीमा तोकी सम्झौताको लागि योग्यताक्रम अनुसार क्रमशः पत्राचार गरिनेछ।

(३) साझेदारले सम्झौता गर्नु अघि अनुसूची-२५ बमोजिम स्व-घोषणा पेस गर्नुपर्नेछ।

## परिच्छेद-३

## <u>पशुजन्य पदार्थ उपभोग प्रवर्धन कार्यक्रम</u>

११. <u>कार्यक्रम सञ्चालन विधि/शर्तहरुः</u> (१) निर्देशनालय/बोर्ड/कार्यालयले आफ्नो कार्यक्षेत्रभित्र दुध र दुग्धजन्य पदार्थ, माछा, मासु र अण्डा लगायतका पशुपन्छी तथा मत्स्यजन्य उत्पादनहरु समावेश गरी देहाय बमोजिमका कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

(क) दिवा खाजाको व्यवस्था भएका सामुदायिक विद्यालयहरुको समन्वयमा दिवा खाजा कार्यक्रम,

(ख) स्थानीय वा जिल्ला वा प्रदेशस्तरमा आयोजना हुने उत्सव, चाडपर्व, मेला/महोत्सव समारोह र दिवस कार्यक्रम,

(ग) स्वास्थ्य संस्थामा नियमित स्वास्थ्य जाँच गराउने गर्भवती महिला, सुत्केरी महिला, अनाथ आश्रममा रहेका बालबालिका, कुपोषण र पुड्कोपना भएका

वैकुण्ठ अधिकारी
प्रदेश सचिव

मा. मधुसूधन पौडेल
मन्त्री

Archived at https://infobank.bagamati.gov.np

बालबालिका, अल्पसंख्यक समुदाय, वृद्धाश्रममा रहेका वृद्धवृद्धालाई पशुपन्छी तथा मत्स्यजन्य उत्पादन वितरण कार्यक्रम।

(२) निर्देशनालय/बोर्ड/कार्यालयले पशुपन्छी तथा मत्स्यजन्य उत्पादनको उपभोग सम्बन्धी सचेतनामूलक सामग्री तयारी, प्रसारण तथा प्रेषण गर्न सक्नेछ।

(३) निर्देशनालय/बोर्ड/कार्यालयले कृषकहरुको लागि, पशुपन्छी तथा मत्स्यपालनसँग सम्बन्धित प्रविधि प्रदर्शनी, स्कुल शिक्षा लगायतका कार्यक्रमहरु सञ्चालन गर्न सक्नेछ।

(४) निर्देशनालय/बोर्ड/कार्यालयले दुध र दुग्धजन्य पदार्थ, माछा, मासु र अण्डा लगायतका पशुपन्छी तथा मत्स्यजन्य उत्पादन उपभोग सम्बन्धी सामग्री तयार गरी राजमार्गको आसपासको उपयुक्त स्थान यकिन गरेर डिजिटल बोर्डमार्फत डिस्प्ले गर्ने व्यवस्था मिलाउन सक्नेछ।

(५) निर्देशनालय/बोर्ड/कार्यालयले कार्यक्रम सञ्चालन पूर्व मापदण्ड र लागत अनुमान तयार गरी स्वीकृत गराउनु पर्नेछ।

(६) निर्देशनालय/बोर्ड/कार्यालयले कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक संघसंस्था, सरकारी निकाय वा अन्य सरोकारवालाहरुसँग सहकार्य वा समन्वय गर्न सक्नेछ।

## परिच्छेद-४

## दुध उत्पादन वृद्धि कार्यक्रम

१२. <u>दुध जोन छनोटः</u> कार्यालयले जिल्लाभित्र विगतमा छनोट भएका दुध जोन वा नयाँ दुध जोन छनोट गरी जोन क्षेत्रभित्र कार्यक्रम कार्यान्वयन गर्न सक्नेछ।

१३. <u>छनोट समितिः</u> (१) दुध जोन छनोटको लागि जिल्लास्तरमा देहाय अनुसारको छनोट समिति रहनेछः-

| | |
|---|---|
| प्रमुख, जिल्ला समन्वय समिति | -संयोजक |
| प्रतिनिधि, जिल्ला दुग्ध उत्पादक सहकारी संघ | -सदस्य |
| प्रमुख, पशु सेवा कार्यालय | -सदस्य |
| प्रमुख वा निजले तोकेको अधिकृत प्रतिनिधि, कृषि विकास कार्यालय | -सदस्य |
| योजना हेर्ने शाखा प्रमुख, पशु सेवा कार्यालय | -सदस्य सचिव |

(२) उपदफा (१) बमोजिमको छनोट समितिले आवश्यक ठानेमा २(दुई) जनासम्म दुग्ध उत्पादन/प्रशोधन/बजारीकरण कार्यको ज्ञान र अनुभव भएको व्यक्तिलाई विज्ञको रुपमा बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) छनोट समितिले अनुसूची-१० बमोजिमका आधारमा दुध जोन छनोट गर्नेछ।

बैकुण्ठ अधिकारी
प्रदेश सचिव

मा. मधुसूदन पौडेल
मन्त्री

Archived at https://infobank.bagamati.gov.np

१४. <u>प्याकेज निर्धारण:</u> कार्यालयले दैनिक १० लि. वा सो भन्दा माथि दुध उत्पादन गर्ने निजी फार्मलाई प्रति साझेदार अधिकतम रु. ७५ (पचहत्तर) हजार प्रोत्साहन रकम उपलब्ध गराउनेछ।

१५. <u>कार्यक्रम सञ्चालनका शर्तहरु:</u> (१) प्रस्तावक संस्था सम्बन्धित निकायमा दर्ता भई नियमानुसार नवीकरण र कर चुक्ता गरेको हुनुपर्नेछ।

(२) प्रस्तावक संस्थाले पशुहरुको अनिवार्य बिमा गर्नु पर्नेछ र बिमा क्रियाशील भएको हुनुपर्नेछ।

(३) कार्यालयले साझेदार संस्थालाई देहायका क्रियाकलापहरु सञ्चालनको लागि प्रोत्साहन रकम उपलब्ध गराउन सक्नेछः-

(क) पशु आहारा व्यवस्थापन सम्बन्धी कार्यहरू,

(ख) गोठ निर्माण/सुधार,

(ग) जैविक सुरक्षा व्यवस्थापन,

(घ) उन्नत गाई/भैंसी खरिद ढुवानीमा सहुलियत,

(ङ) कृत्रिम गर्भाधान कार्य सञ्चालन नुहने स्थानको लागि सम्बन्धित कार्यालयको सिफारिसमा उन्नत साँढे/राँगो खरिद,

(च) काउ म्याट, अटोमेटिक पानी खुवाउने मेशिन उपकरण खरिद, टिट डिपिङ्ग किट आदि।

## परिच्छेद-५

## <u>एक पकेट खोरेत रोग मुक्त अभियान कार्यक्रम</u>

१६. <u>पकेट क्षेत्र छनोट:</u> कार्यालयले जिल्लाभित्र विगतमा छनोट भएका वा नयाँ पकेट क्षेत्र छनोट गरी जोन क्षेत्रभित्र कार्यक्रम कार्यान्वयन गर्न सक्नेछ।

१७. <u>छनोट समिति:</u> (१) एक पकेट खोरेत रोग मुक्त अभियान कार्यक्रम कार्यान्वयनको लागि पकेट क्षेत्र छनोट गर्न जिल्लास्तरमा देहाय बमोजिमको छनोट समिति रहनेछ।

| | |
|---|---|
| प्रमुख, जिल्ला समन्वय समिति | -संयोजक |
| प्रतिनिधि, जिल्ला दुग्ध उत्पादक सहकारी संघ/कृषक | -सदस्य |
| प्रमुख, पशु सेवा कार्यालय | -सदस्य |
| प्रमुख वा निजले तोकेको अधिकृत प्रतिनिधि, कृषि विकास कार्यालय | -सदस्य |
| पशु चिकित्सक/पशु विकास अधिकृत, पशु सेवा कार्यालय | -सदस्य सचिव |

(२) उपदफा (१) बमोजिमको छनोट समितिले आवश्यक ठानेमा २(दुई) जनासम्म विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

बैकुण्ठ अधिकारी
प्रदेश सचिव

मा. मधुसूदन पौडेल
मन्त्री

Archived at https://infobank.bagamati.gov.np

१८. <u>पकेट क्षेत्र छनोटः</u> (१) दफा १७ को उपदफा (१) बमोजिमको छनोट समितिले देहायका आधारमा कार्यक्रम सञ्चालन हुने पकेट क्षेत्र छनोट गर्नेछ :-

(क) खुरफट्टा पशुहरुको संख्या (एक हजार भन्दा बढी हुनु पर्ने),

(ख) रोगको प्रकोपको अवस्था र सम्भावित जोखिम,

(ग) पशु ओसार-पसार बढी हुने क्षेत्र,

(घ) व्यावसायिक पशुपालनमा अग्रणी क्षेत्र।

(२) कार्यालयले कार्यक्रम सञ्चालन गर्दा सम्बन्धित स्थानीय तह र राष्ट्रिय खोरेत तथा सीमाविहिन रोग अन्वेषण प्रयोगशाला, काठमाडौंसँग समन्वय गर्नुपर्नेछ।

(३) यस कार्यविधि बमोजिम खोप कार्यक्रममा सहभागी हुनु कृषकहरुको कर्तव्य हुनेछ। खोप कार्यक्रममा कृषकहरुबाट सहयोग प्राप्त नभएमा वा कुनै किसिमको वाधा अड्चन सिर्जना भएमा सम्बन्धित कार्यालयले कार्यक्रम रद्द गर्न सक्नेछ।

१९. <u>प्रचार/प्रसारः</u> कार्यालयले सम्बन्धित स्थानीय तहको पशु सेवा शाखासँग समन्वय गरी खोप कार्यक्रमको महत्व, खोप तालिका र कार्यक्रम कार्यान्वयन सम्बन्धमा स्थानीय तह, वडा तथा टोलस्तरीय अभिमुखीकरण तथा प्रचार/प्रसार कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

२०. <u>आवश्यक सामग्री खरिद तथा भण्डारणः</u> (१) नेपाल सरकार, पशु सेवा विभागबाट राष्ट्रिय खोप कार्यक्रमका लागि निःशुल्क उपलब्ध हुने खोपहरुको हकमा निर्देशनालयले समन्वय गरी सम्बन्धित कार्यालयको लागि निर्धारित परिमाणमा खोप उपलब्ध गराउने छ।

(२) खोप कार्यका लागि अनुसूची-११ बमोजिमका सामग्रीहरु कार्यालयले खरिद गरी व्यवस्थापन गर्नेछ।

(३) खोपको उचित भण्डारण सुनिश्चितताको लागि कार्यालयले सम्बन्धित स्थानीय तह तथा अन्य सरोकारवालाहरुसँग समन्वय गर्नेछ।

२१. <u>खोपकर्ता छनोट तथा अभिमुखीकरणः</u> (१) कार्यालयले ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता वा भेटेरिनरी जे.टि./जे.टि.ए. वा भेटेरिनरी विषयमा औपचारिक शिक्षा हासिल गरेका खोप लगाउन सक्षम नेपाली नागरिकलाई खोपकर्ताको रुपमा करारमा नियुक्ति दिनु पर्नेछ। खोपकर्ता नियुक्ति गर्दा सम्बन्धित स्थानीय तहका प्राविधिकहरुलाई प्राथमिकता दिनु पर्नेछ।

(२) कार्यालयले खोपकर्तालाई खोपको ढुवानी व्यवस्थापन, लगाउने उमेर, घोल्ने तरिका, मात्रा, लगाउने माध्यम, खोप कार्ड भर्ने तरिका, जैविक सुरक्षा, व्यक्तिगत सुरक्षाका उपायहरु, खोप लगाउँदा ध्यान दिनु पर्ने कुराहरु लगायतका प्राविधिक विषयहरु तथा जैविक फोहोर व्यवस्थापन सम्बन्धी जानकारी दिन अभिमुखीकरण कार्यक्रम गर्नेछ।

२२. <u>खोप कार्यक्रमः</u> (१) गाई, भैंसी तथा बंगुरका लागि सम्बन्धित फार्ममै र भेडा, बाख्राका लागि कुनै खोप केन्द्र तोकी खोप कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

बैकुण्ठ अधिकारी
प्रदेश सचिव

मा. मधुसूदन पौडेल
मन्त्री

Archived at https://infobank.bagamati.gov.np

(२) खोप लगाई सकेपछि अनुसूची-१२ बमोजिमको खोप कार्ड भरी सम्बन्धित पशुधनीलाई प्रदान गरिनेछ।

(३) खोपकर्ताले अनुसूची-१३ बमोजिको खोप कार्यक्रमको प्रगति विवरण सम्बन्धित स्थानीय तहबाट प्रमाणित गराई कार्यालयलाई पठाउनु पर्नेछ।

(४) कार्यालयले खोप कार्यको प्रगति विवरण निर्देशनालयमार्फत मन्त्रालय पठाउनु पर्नेछ।

२३. **खोप कार्यको अनुगमन:** खोप कार्यक्रमको अनुगमन सम्बन्धित कार्यालय, निर्देशनालय तथा मन्त्रालयले आवश्यकता अनुसार गर्नेछ।

२४. **खोपको प्रभावकारिता मुल्याङ्कन:** खोपकार्यको प्रभावकारिता मुल्याङ्कनको लागि निर्देशनालयले राष्ट्रिय खोरेत तथा सीमाविहिन रोग अन्वेषण प्रयोगशाला, बुढानिलकण्ठ, काठमाडौं तथा सम्बन्धित कार्यालयसँग समन्वय गरी आवश्यक व्यवस्था मिलाउन सक्नेछ।

२५. **खोपकर्ताको पारिश्रमिक तथा सुविधा सम्बन्धी व्यवस्था:** पशुहरुलाई खोप लगाए बापत कार्यालयले खोपकर्तालाई अनुसूची-१४ बमोजिमको पारिश्रमिक उपलब्ध गराउनेछ।

## परिच्छेद-६

## पशुपालनमा असल अभ्यास प्रवर्धन कार्यक्रम

२६. **प्रस्तावक:** यस कार्यक्रम अन्तर्गत दुग्ध उत्पादक सहकारी संस्था वा निजी फार्मले आवेदन दिन सक्नेछन्।

२७. **कार्यक्रम सञ्चालन विधि/शर्तहरु:** (१) कार्यक्रममा सहभागिताको लागि इच्छुक प्रस्तावकले देहाय अनुसार मापदण्ड पूरा गरेको हुनु पर्नेछ :-

(क) सम्बन्धित निकायमा दर्ता भई नियमानुसार नवीकरण, लेखा परीक्षण तथा कर चुक्ता गरेको हुनु पर्नेछ।

(ख) प्रस्तावक सहकारी संस्था सूचना प्रकाशनको मितिमा स्थापना भएको न्यूनतम १(एक) वर्ष पुरा भई दैनिक न्यूनतम १०० (एक सय) लिटर दुध सङ्कलन गरेको हुनु पर्नेछ।

(ग) प्रस्तावक संस्थामा आबद्ध कृषकहरुले काभ्रे, चितवन जिल्लामा दैनिक न्यूनतम २०(बीस) लिटर, ललितपुर, भक्तपुर र मकवानपुर जिल्लामा दैनिक न्यूनतम १५ (पन्ध्र) लिटर, काठमाडौं जिल्लामा दैनिक न्यूनतम १० (दश) लिटर, सिन्धुली, सिन्धुपाल्चोक, धादिङ, रामेछाप, दोलखा, नुवाकोट र रसुवा जिल्लामा दैनिक न्यूनतम ८ (आठ) लिटर दुध बिक्री गर्ने गरेको विवरण अनुसूची-१५ बमोजिमको फारम भरी प्रस्तावसँगै पेस गर्नुपर्नेछ।

प्रदेश सचिव

मा. मधुसूधन पौडेल
मन्त्री

Archived at https://infobank.bagamati.gov.np

(घ) निजी फार्मको हकमा उपदफा १(ग) बमोजिमको मापदण्ड पुरा गरेको प्रमाण पेस गर्नुपर्नेछ।

(२) पशु बिमा गरेको कागजात पेस गर्नुपर्नेछ।

(३) कार्यालयले साझेदार संस्थालाई देहाय अनुसारका क्रियाकलापहरु सञ्चालन लागि प्रति कृषक बढीमा १ लाख रुपैयाँ प्रोत्साहन रकम उपलब्ध गराउन सक्नेछः-

(क) गोठ निर्माण/सुधार,

(ख) जैविक सुरक्षा व्यवस्थापन,

(ग) पशु स्वास्थ्य प्रवर्धन

(घ) यन्त्र/उपकरण/रिएजेन्ट/रसायन खरिद (ह्वील ब्यारो, कम्प्रेसर वाटर पम्प, स्टेनलेस स्टिल मिल्क क्यान, सि.एम.टी. किट, टिट डिपिङ्ग किट आदि),

(४) साझेदार संस्थाले दैनिक रुपमा दुध उत्पादन, खोप कार्य, दैनिक खुराक योजना, कृत्रिम गर्भाधान, उपचार आदिको व्यवस्थित अभिलेख राख्नु पर्नेछ।

## परिच्छेद-७

## भेडा/बाख्रा प्रवर्धन कार्यक्रम

२८. **प्रस्तावकः** यस कार्यक्रम अन्तर्गत दर्तावाल भेडा/बाख्रापालक निजी फार्म र भेडा/बाख्रापालक समूह/सहकारीले आवेदन दिन सक्नेछन्।

२९. **कार्यक्रम सञ्चालन विधि/शर्तहरुः** (१) प्रस्तावकसँग न्यूनतम २० (बीस) वटा माउ भेडा/बाख्रा हुनु पर्नेछ। कृषक समूह/सहकारीको हकमा न्यूनतम १०(दश) जना भेडा/बाख्रापालक सदस्य भई प्रति भेडा/बाख्रापालक सदस्यले न्यूनतम ३ (तीन) वटा माउ भेडा/बाख्रा पालेको हुनु पर्नेछ।

(२) कार्यालयले साझेदार संस्थालाई देहायका क्रियाकलापहरु सञ्चालनको लागि प्रति साझेदार बढीमा ५(पाँच) लाख रुपैयाँ प्रोत्साहन रकम उपलब्ध गराउन सक्नेछ :-

(क) घाँस खेती, चरन सुधार,

(ख) प्रजनन् योग्य बोका/थुमा खरिद,

(ग) खोर/घुम्ती खोर निर्माण/सुधार,

(घ) पशु स्वास्थ्य प्रवर्धन,

(ङ) जैविक सुरक्षा व्यवस्थापन,

(च) फार्ममा आवश्यक यन्त्र उपकरण खरिद।

बैकुण्ठ अधिकारी
प्रदेश सचिव

मा. मधुसूदन पौडेल
मन्त्री



Archived at https://infobank.bagamati.gov.np

## परिच्छेद-८
## चौंरी प्रवर्धन कार्यक्रम

३०. प्रस्तावकः यस कार्यक्रम अन्तर्गत चौंरीपालक कृषक समूह/सहकारी वा निजी चौंरी फार्मले आवेदन दिन सक्नेछन्।

३१. कार्यक्रम सञ्चालन विधि/शर्तहरु: (१) समूह/सहकारीमा न्यूनतम पाँच जनाले न्यूनतम ५० (पचास) चौंरी पालेको हुनुपर्नेछ। निजी चौंरी फार्मको हकमा न्यूनतम १५ (पन्ध्र) चौंरी पालेको हुनुपर्नेछ।

(२) साझेदार संस्थाले देहायका क्रियाकलापहरु मध्ये आवश्यकता तथा औचित्यताको आधारमा न्यूनतम दुईवटा भन्दा बढी क्रियाकलापहरु सञ्चालनको लागि प्रति साझेदार निजीलाई बढीमा २.५ लाख रुपैयाँ र समूह/सहकारीलाई बढीमा १० लाख रुपैयाँ प्रोत्साहन रकम उपलब्ध गराउन सक्नेछः-

(क) चरन खर्क सुधार,
(ख) याक/नाक खरिद,
(ग) घुम्ती गोठ निर्माण/सुधार,
(घ) पशु स्वास्थ्य प्रवर्धन,
(ङ) घुम्ती सोलार जडान,
(च) गोठालाको लागि आवश्यक समाग्री खरिद,
(छ) खानेपानी पाईप खरिद तथा आकाशे पानी सङ्कलन व्यवस्थापन,
(ज) दुग्ध संलकन, ढुवानी, प्रशोधन तथा भण्डारण सम्बन्धी आवश्यक सामग्री खरिद।

## परिच्छेद-९
## बंगुर प्रवर्धन कार्यक्रम

३२. प्रस्तावकः यस कार्यक्रम अन्तर्गत बंगुरपालक कृषक समूह/सहकारी र दर्तावाल बंगुरपालक निजी फार्मले आवेदन दिन सक्नेछन्।

३३. कार्यक्रम सञ्चालन विधि/शर्तहरु: (१) कृषक समूह/सहकारीमा न्यूनतम १०(दश) जना बंगुरपालक सदस्य भई प्रति बंगुरपालक सदस्यले न्यूनतम २(दुई) वटा माउ बंगुर पालेको हुनु पर्नेछ। निजी फार्मको हकमा न्यूनतम १० (दश) वटा माउ बंगुर पालेको हुनु पर्नेछ।

(२) कार्यालयले साझेदार संस्थालाई देहायका क्रियाकलापहरु सञ्चालन लागि प्रति साझेदार बढीमा ५ लाख रुपैयाँ प्रोत्साहन रकम उपलब्ध गराउन सक्नेछ :-

(क) खोर निर्माण/सुधार



बैकुण्ठ ... प्रदेश सचिव

मा. मधुसूदन पौडेल
मन्त्री

Archived at https://infobank.bagamati.gov.np

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

(ख) पशु स्वास्थ्य प्रवर्धन,

(ग) भाले/माउ बंगुर खरिद,

(घ) जैविक सुरक्षा व्यवस्थापन,

(ङ) फार्ममा आवश्यक यन्त्र उपकरण खरिद।

## परिच्छेद-१०

## भैंसी प्रवर्धन कार्यक्रम

३४. <u>प्रस्तावक:</u> यस कार्यक्रम अन्तर्गत भैंसीपालक कृषक समूह/सहकारी र दर्तावाल भैंसीपालक निजी फार्मले आवेदन दिन सक्नेछन्।

३५. <u>कार्यक्रम सञ्चालन विधि/शर्तहरु:</u> (१) कृषक समूह/सहकारीको हकमा न्यूनतम १०(दश) जना भैंसीपालक सदस्य भई प्रति भैंसीपालक सदस्यले न्यूनतम ३(तीन) वटा माउ भैंसी पालेको हुनु पर्नेछ। निजी फार्मको हकमा न्यूनतम १० (दश) वटा माउ भैंसी हुनु पर्नेछ।

(२) निजी फार्म/कृषक समूह/सहकारीले भैंसीको बिमा गरेको हुनुपर्नेछ।

(३) कार्यालयले साझेदार संस्थालाई देहायका क्रियाकलापहरु सञ्चालन लागि प्रति साझेदार बढीमा ५ लाख रुपैयाँ प्रोत्साहन रकम उपलब्ध गराउन सक्नेछः-

(क) घाँस खेती, चरन सुधार,

(ख) प्रजनन् योग्य राँगो खरिद तथा ढुवानी खर्च,

(ग) भैंसी खरिद गरेको अवस्थामा ढुवानी खर्च मात्र,

(घ) गोठ निर्माण/सुधार,

(ङ) पशु स्वास्थ्य प्रवर्धन,

(च) जैविक सुरक्षा व्यवस्थापन,

(छ) फार्ममा आवश्यक यन्त्र उपकरण खरिद।

## परिच्छेद-११

## स्थानीय जातका असला माछा प्रवर्धन तथा संरक्षण कार्यक्रम

३६. <u>प्रस्तावक:</u> यस कार्यक्रम अन्तर्गत इच्छुक दर्तावाल निजी कृषि फार्म/कृषक समूहले आवेदन दिन सक्नेछन्।

३७. <u>कार्यक्रम सञ्चालन विधि/शर्तहरु:</u> (१) समूहको हकमा कम्तीमा ५ जना सदस्य हुनुपर्नेछ।

(२) प्रस्तावकसँग वर्षभरि बगिरहने स्थायी सफा पानीको स्रोत हुनुपर्नेछ।

(३) कार्यालयले उपलब्ध गराएको डिजाइन अनुरुप न्यूनतम ३० वर्गमिटरको माछापालन पोखरी हुनुपर्नेछ।



बैकुण्ठ अधिकारी
प्रदेश सचिव

मा. मधुसूधन पौडेल
मन्त्री

Archived at https://infobank.bagamati.gov.np

(४) असला माछापालनको लागि अनुसूची-१६ बमोजिमको पानीको गुणस्तर पुरा गरेको हुनु पर्नेछ।

(५) कार्यालयले साझेदार संस्थालाई देहायका क्रियाकलापहरु सञ्चालन लागि प्रति कृषक बढीमा रु. ५० (पचास) हजार रुपैयाँ प्रोत्साहन रकम उपलब्ध गराउन सक्नेछः-

(क) माछा पोखरी निर्माण,

(ख) पानी व्यवस्थापन (पाईप खरिद, नाला निर्माण)।

## परिच्छेद-१२

## करेसा पोखरीमा कार्प जातका माछा पालन कार्यक्रम

३८. प्रस्तावकः यस कार्यक्रम अन्तर्गत दर्तावाल निजी कृषि फार्मले आवेदन दिन सक्नेछन्।

३९. कार्यक्रम सञ्चालन विधि/शर्तहरुः (१) आफ्नै स्वामित्वमा जग्गा भएका प्रस्तावकलाई प्राथमिकता दिइनेछ। सो नभए प्रस्तावकले न्यूनतम ५ वर्षसम्म भाडामा लिएको करार पत्र पेस गर्नुपर्नेछ।

(२) पोखरीमा राखिने माछा भुरा मत्स्य प्राविधिकको सिफारिस बमोजिमको जात, संख्या, अनुपात र साइजको हुनु पर्नेछ।

(३) माछापालन पोखरी कार्यालयले उपलब्ध गराएको डिजाइन अनुरुप न्यूनतम ५० वर्गमिटरको हुनुपर्नेछ।

(४) कार्प जातको माछापालनको लागि अनुसूची-१७ बमोजिम पानीको गणस्तर पुरा गरेको हुनु पर्नेछ।

(५) कार्यालयले साझेदार संस्थालाई देहायका क्रियाकलापहरु सञ्चालनको लागि प्रति साझेदार बढीमा ५० हजार रुपैयाँ प्रोत्साहन रकम उपलब्ध गराउन सक्नेछः-

(क) माछा पोखरी निर्माण,

(ख) पानी व्यवस्थापन,

(ग) यन्त्र उपकरण तथा सामग्री खरिद।

(६) उपदफा ५ बमोजिमको क्रियाकलाप ख र ग सञ्चालनको लागि साझेदारले न्यूनतम ५० वर्गमिटरको पोखरीमा माछापालन गरिरहेको हुनुपर्नेछ।

## परिच्छेद-१३

## घाँस विकास कार्यक्रम

४०. कार्यक्रम सञ्चालन विधि/शर्तहरुः (१) घाँसबाली बिउ/बेर्ना/बिरुवा वितरण कार्यक्रम कार्यालयले देहाय अनुसार सञ्चालन गर्नु पर्नेछ :-



बैकुण्ठ ... प्रदेश सचिव

मा. मधुसूदन पौडेल
मन्त्री

Archived at https://infobank.bagamati.gov.np

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

(क) हिउँदे घाँसका बिउ वितरणको लागि वार्षिक स्वीकृत बजेटको बढीमा ४० प्रतिशत खर्च गर्न सकिनेछ।

(ख) बर्षे र बहुवर्षे घाँसको बिउ/बेर्ना/बिरुवा वितरणको लागि वार्षिक स्वीकृत बजेटको बढीमा ३०/३० प्रतिशत खर्च गर्न सकिनेछ।

(२) वार्षिक स्वीकृत कार्यक्रम बजेटको परिधिभित्र रही कार्यालयले स्थानीय तह, सहकारी/समूह र निजी उद्यमीको माग अनुसार घाँसको बिउ/बेर्ना/बिरुवा वितरण गर्न सक्नेछ।

## परिच्छेद-१४
## चरन खर्क सुधार कार्यक्रम

४१. **कार्यक्रम सञ्चालन:** यस कार्यक्रम अन्तर्गत बोर्डले स्थानीय तहसँगको समन्वयमा उच्च पहाडी तथा हिमाली भेगका पशुपालक कृषक समूह/सहकारीसँग कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

४२. **कार्यक्रम सञ्चालन विधि/शर्तहरु:** (१) बोर्डले स्थानीय तहसँग सुधार गरिने चरन खर्कको क्षेत्रफल सहितको विवरण र सोमा आबद्ध समूह/सहकारीको विवरण माग गर्नेछ।

(२) उपदफा (१) बाट प्राप्त भएको चरन खर्कको सुधारका लागि स्थानीय तह, आबद्ध कृषक समूह/सहकारीको रोहवरमा बोर्डले स्वीकृत वार्षिक बजेटको परिधिभित्र रही अधिकतम क्षेत्रफल समेट्ने गरी देहायका क्रियाकलापहरु सञ्चालन गर्न सक्नेछ :-

(क) बाँझो तथा क्षतिग्रस्त चरन क्षेत्रको पुनर्स्थापना (खनजोत, सिँचाइ व्यवस्थापन, घेराबार व्यवस्थापन तथा विषालु घाँस व्यवस्थापन),

(ख) उपयुक्त जातका घाँसको बिउ/बेर्ना/बिरुवा खरिद गरी प्राविधिक सिफारिस अनुसार रोपण गर्ने,

(ग) चरन खर्क सुधारको लागि आवश्यक सामग्री वितरण,

(घ) पशुपालक कृषक समूहलाई १ दिने तालिम,

(ङ) लाइम कोटिङ्ग/मलखाद व्यवस्थापन।

## परिच्छेद-१५
## रेन्बोट्राउट माछा प्रवर्धन कार्यक्रम

४३. **प्रस्तावक:** यस कार्यक्रम अन्तर्गत दर्तावाल रेन्बोट्राउटपालक निजी फार्मले आवेदन दिन सक्नेछन्।



बैकुण्ठ अधिकारी
प्रदेश सचिव

मा. मधुसूधन पौडेल
मन्त्री

Archived at https://infobank.bagamati.gov.np

४४. कार्यक्रम सञ्चालन विधि/शर्तहरु: (१) आफ्नै स्वामित्वमा जग्गा भएको प्रस्तावकलाई प्राथमिकता दिइनेछ। सो नभए प्रस्तावकले न्यूनतम १० वर्षसम्म भाडामा लिएको करार पत्र पेस गर्नुपर्नेछ।

(२) कार्यालयले साझेदार संस्थाललाई देहायका क्रियाकलापहरु सञ्चालनको लागि प्रति साझेदार बढीमा १० (दश) लाख रुपैयाँ प्रोत्साहन रकम उपलब्ध गराउन सक्नेछः-

(क) रेश्वे निर्माण तथा विस्तारः नयाँ रेश्वे निर्माण गर्दा न्यूनतम २०० वर्गमिटर वा पुरानो रेश्वेमा थप विस्तार गर्नु पर्ने भए थप सहित न्यूनतम क्षेत्रफल ४०० वर्गमिटर पुऱ्याउनु पर्नेछ। न्यूनतम क्षेत्रफल पुगे पश्चात मात्र अन्य क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ।

(ख) रेन्बोट्राउट ह्याचरी निर्माण,

(ग) यन्त्र उपकरण तथा सामग्री खरिद,

(घ) दाना गोदाम घर निर्माण,

(ङ) भुरा ढुवानीमा प्रोत्साहन रकमको अधिकतम ५ प्रतिशत।

## परिच्छेद-१६

## नर्सरी पोखरी व्यवस्थापन कार्यक्रम

४५. प्रस्तावकः यस कार्यक्रम अन्तर्गत दर्तावाल माछापालक निजी फार्मले आवेदन दिन सक्नेछन्।

४६. कार्यक्रम सञ्चालन विधि/शर्तहरुः (१) आफ्नै स्वामित्वमा जग्गा भएका प्रस्तावकलाई प्राथमिकता दिईनेछ। सो नभए प्रस्तावकले न्यूनतम ५ वर्षसम्म भाडामा लिएको आधिकारिक करार पत्र लिएको हुनुपर्नेछ।

(२) पोखरीमा राखिने माछा भुरा मत्स्य प्राविधिकको सिफारिस बमोजिमको जात, संख्या र साईजको हुनुपर्नेछ।

(३) कार्यालयले उपलब्ध गराएको डिजाइन अनुरुप पहाडको हकमा न्यूनतम ३० र तराई/भित्रिमधेशको हकमा ५० वर्गमिटरको नर्सरी पोखरी हुनुपर्नेछ।

(४) कार्यालयले देहायका क्रियाकलाप सञ्चालनका लागि प्रति साझेदार अधिकतम २ लाख रुपैयाँ प्रोत्साहन रकम उपलब्ध गराउन सक्नेछ;

(क) नर्सरी पोखरी निर्माण,

(ख) पानीको स्रोत व्यवस्थापन (पाईप खरिद, नाला निर्माण आदि),

(ग) यन्त्र उपकरण खरिद।

(५) उपदफा ४ को क्रियाकलाप ख र ग सञ्चालनको लागि साझेदारसँग पहिल्यै भुरा माछापालन गरिरहेको पोखरी हुनुपर्नेछ।

१५

बैकुण्ठ अधिकारी
प्रदेश सचिव

मा. मधुसूदन पौडेल
मन्त्री

Archived at https://infobank.bagamati.gov.np

## परिच्छेद-१७

## मत्स्यपालन क्षेत्र विस्तार कार्यक्रम

४७. **प्रस्तावक:** यस कार्यक्रम अन्तर्गत मत्स्यपालनमा आबद्ध कृषक समूह/सहकारी/निजी उद्यमीले आवेदन दिन सक्नेछन्।

४८. **कार्यक्रम सञ्चालन विधि/शर्तहरु:** (१) कार्यालयले साझेदार संस्थालाई मत्स्यपालन क्षेत्र विस्तारको लागि प्रति हेक्टर बढीमा ५ लाख रुपैयाँ प्रोत्साहन रकम उपलब्ध गराउन सक्नेछ।

(२) कार्यालयले उपलब्ध गराएको डिजाइन अनुरुप माछापालन पोखरी निर्माण गर्नुपर्नेछ।

## परिच्छेद-१८

## उद्यमशीलता विकास कार्यक्रम

४९. **प्रस्तावक:** यस कार्यक्रम अन्तर्गत दर्तावाल निजी पशुपन्छी तथा मत्स्य फार्म/कम्पनी र उद्यमीले आवेदन दिन सक्नेछन्।

५०. **कार्यक्रम सञ्चालन विधि/शर्तहरु:** कार्यालयले साझेदार संस्थालाई देहायका क्रियाकलापहरु सञ्चालन लागि प्रति साझेदार बढीमा २ लाख रुपैयाँ प्रोत्साहन रकम उपलब्ध गराउन सक्नेछ :-

(क) दुग्धजन्य पदार्थको प्रशोधन तथा विविधीकरण, भण्डारण तथा निर्यात,

(ख) मासुजन्य पदार्थको भण्डारण, प्रशोधन र बजारीकरण,

(ग) घाँसबाट हे (Hay), साईलेज (Silage) तथा हेलेज (Haylage) उत्पादन व्यावसाय,

(घ) व्यावसायिक पशुपन्छी उत्पादन,

(ङ) स्थानीय कुखरापालन व्यावसाय,

(च) व्यावसायिक मत्स्य उत्पादन तथा प्रशोधन।

## परिच्छेद-१९

## मागमा आधारित जीविकोपार्जन सहयोग कार्यक्रम

५१. **प्रस्तावक:** यस कार्यक्रम अन्तर्गत लक्षित वर्गका पशुपन्छी तथा मत्स्यपालक कृषकले जीविकोपार्जन तथा पोषण सुरक्षाको लागि प्रस्ताव पेस गर्न सक्नेछन्।



वैकुण्ठ ... प्रदेश सचिव

मा. मधुसूदन पौडेल
मन्त्री

Archived at https://infobank.bagamati.gov.np

५२. <u>कार्यक्रम सञ्चालन विधि/शर्तहरु:</u> (१) प्रस्तावकले प्रस्तावसँगै स्थानीय तहबाट आर्थिक विपन्नताको सिफारिस पत्र पेस गर्नुपर्नेछ।

(२) कार्यालयले साझेदार संस्थालाई देहायका क्रियाकलापहरु सञ्चालन लागि कार्यक्रमको कूल लागतको बढीमा ९० प्रतिशतका दरले प्रति साझेदार १ लाख रुपैयाँ नबढ्ने गरी प्रोत्साहन रकम उपलब्ध गराउन सक्नेछ :-

(क) पशुपन्छी तथा मत्स्यपालन

(ख) दुध सङ्कलन तथा प्रशोधन,

(ग) दुध वा माछा/मासु बिक्री पसल,

(घ) पशुपन्छी तथा मत्स्यजन्य व्यावसाय।

## परिच्छेद-२०

## <u>माछा/मासु पसल सुधार कार्यक्रम</u>

५३. <u>प्रस्तावक:</u> यस कार्यक्रम अन्तर्गत दर्तावाल माछा/मासु बिक्री गर्ने व्यवसायीले आवेदन दिन सक्नेछन्।

५४. <u>कार्यक्रम सञ्चालन विधि/शर्तहरु:</u> (१) प्रस्तावकले दैनिक ५० के.जी माछा/मासु बिक्री गरिरहेको हुनु पर्नेछ।

(२) कार्यालयले माछा/मासु पसल बिक्री स्थल स्थरोन्नति गर्न आवश्यक पूर्वाधार तथा यन्त्र उपकरण र सामग्री खरिद तथा व्यवस्थापन सम्बन्धी क्रियाकलापहरु सञ्चालनको लागि प्रति साझेदार बढीमा १ लाख रुपैयाँ प्रोत्साहन रकम उपलब्ध गराउन सक्नेछ।

## परिच्छेद-२१

## <u>पाडापाडी पालनमा प्रोत्साहान कार्यक्रम</u>

५५. <u>प्रस्तावक:</u> यस कार्यक्रम अन्तर्गत भैंसीपालक कृषक समूह/सहकारी र दर्तावाल भैंसीपालक निजी फार्मले आवेदन दिन सक्नेछन्।

५६. <u>कार्यक्रम सञ्चालन विधि/शर्तहरु:</u> (१) खोरेत रोग मुक्त गर्न स्वीकृत भएको स्थानीय तह भित्रका कृषकहरुलाई लक्षित गरी आवेदनको लागि निर्देशनालयले सूचना आह्वान गर्नेछ।

(२) प्रस्तावक संस्थामा आबद्ध कृषकहरुको पाडापाडी पालन गर्ने गोठ आरामदायी एवं सफासुग्घर हुनुपर्नेछ।

(३) प्रस्तावकले अनुसूची-२ बमोजिम आवेदन पत्र, स्थानीय तहको सिफारिस पत्र, संस्था दर्ता, कर चुक्ता र इच्छुक कृषकहरुको नामावली र पालन गरिरहेको भैंसी र पालन गर्न चाहेको पाडापाडीको संख्या खुल्ने विवरण सहितको कागजातहरु पेस गर्नुपर्नेछ।



बैकुण्ठ ... प्रदेश सचिव

मा. मधुसूदन पौडेल
मन्त्री

Archived at https://infobank.bagamati.gov.np

(४) प्रस्तावक संस्थाले प्रति कृषक न्यूनतम ३ वटा पाडापाडी हुर्काउनको लागि प्रतिबद्धता पेस गर्नुपर्नेछ।

(५) उपदफा ३ बमोजिम पेस भएका आवेदनहरु मध्ये निर्देशनालयले रीतपूर्वक प्राप्त प्रस्तावहरुको सूची प्रकाशन गर्नेछ।

(६) सूची प्रकाशन भएको मितिले ३० दिन भित्र प्रस्तावकले पाडापाडीको बिमा गरेको कागज र बिमा ट्याग देखिने पाडापाडीको फोटो पेस गर्नुपर्नेछ।

(७) बैशाख मसान्तसम्म बिमित पशु संख्याको आधारमा रकम माग गर्नुपर्नेछ। उपलब्ध गराइने अधिकतम प्रोत्साहन रकम देहाय अनुसार हुनेछः-

(क) १२ महिनासम्मको पाडापाडी बापत प्रोत्साहन रकम- रु. ३०००।-

(ख) १२ देखि २४ महिनासम्मको पाडापाडी बापत प्रोत्साहन रकम- रु. ५०००।-

(ग) २४ महिना भन्दामाथिको पाडापाडी बापत प्रोत्साहन रकम- रु. ७०००।-

(८) स्वीकृत रकम भन्दा बढी संख्यामा माग भई रकम अपुग भएमा स्वीकृत कार्यक्रम बजेटको आधारमा समानुपातिक दर निर्धारण गरी प्रोत्साहन रकम वितरण गरिनेछ।

## परिच्छेद-२२

## आधारभुत दुग्ध प्रयोगशाला कार्यक्रम

५७. **प्रस्तावकः** यस कार्यक्रम अन्तर्गत दुग्ध करोबारमा संलग्न कृषि, बहुउद्देश्यीय, दुग्ध सहकारी संस्थाले आवेदन दिन सक्नेछन्।

५८. **कार्यक्रम सञ्चालन विधि/शर्तहरुः** (१) कार्यक्रममा सहभागिताको लागि इच्छुक प्रस्तावकले देहाय अनुसारको मापदण्ड पूरा गरेको हुनु पर्नेछ :-

(क) सम्बन्धित निकायमा दर्ता भई नियमानुसार नवीकरण, लेखा परीक्षण तथा कर चुक्ता गरेको,

(ख) प्रस्तावक सहकारी संस्था सूचना प्रकाशनको मितिमा स्थापना भएको न्यूनतम १(एक) वर्ष पुरा भई दैनिक न्यूनतम १००० (एक हजार) लिटर दुध सङ्कलन गरेको।

(२) सम्भव भएसम्म धेरै स्थान समेटिने गरी प्रति स्थानीय तह १ वटा प्रयोगशाला स्थापना गरिनु पर्ने।

(३) बोर्डले साझेदार संस्थालाई देहाय अनुसारका क्रियाकलापहरु सञ्चालनको लागि प्रति साझेदार बढीमा २ लाख रुपैयाँ प्रोत्साहन रकम उपलब्ध गराउन सक्नेछः-

(क) दुध चेकजाँच गर्न आवश्यक रसायन तथा रिएजेन्ट खरिद,

(ख) प्रयोगशालामा प्रयोग हुने औजार तथा उपकरण खरिद,

वैकुण्ठ ... प्रदेश सचिव

मा. मधुसूदन पौडेल
मन्त्री



Archived at https://infobank.bagamati.gov.np

(ग) प्रयोगशाला कक्ष निर्माण।

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

## परिच्छेद-२३

## कृषि ज्ञानरत्न प्रवर्धन कार्यक्रम

५९. **प्रस्तावकः** यस कार्यक्रम अन्तर्गत न्यूनतम स्नातक तह अध्ययन पुरा गरी पशुपालन/मत्स्यपालन पेशामा आबद्ध व्यक्तिको प्रत्यक्ष संलग्नतामा आधारित निजी फार्म वा कम्पनीले आवेदन दिन सक्नेछन्।

६०. **कार्यक्रम सञ्चालन विधि/शर्तहरुः** निर्देशनालय/कार्यालयले साझेदार संस्थालाई देहाय अनुसारका क्रियाकलापहरु सञ्चालन लागि प्रति साझेदार बढीमा १० लाख रुपैयाँ प्रोत्साहन रकम उपलब्ध गराउन सक्नेछः-

(क) पशुपालन/मत्स्य पालन,

(ख) सङ्कलन, प्रशोधन, भण्डारण तथा बजारीकरणसँग सम्बन्धित यन्त्र उपकरण र पूर्वाधार,

(ग) ग्रामीण क्षेत्रमा पशु स्वास्थ्य क्लिनिक सञ्चालन तथा विस्तार सम्बन्धी क्रियाकलापहरु।

## परिच्छेद-२४

## दुग्ध विविधीकरण र बजारीकरण प्रोत्साहन कार्यक्रम

६१. **प्रस्तावकः** यस कार्यक्रम अन्तर्गत दुग्ध उत्पादक सहकारी संस्था वा कृषक समूह वा दुध सङ्कलन केन्द्र वा निजी डेरी फार्मले आवेदन दिन सक्नेछन्।

६२. **कार्यक्रम सञ्चालन विधि/शर्तहरुः** (१)कार्यक्रममा सहभागिताको लागि इच्छुक प्रस्तावकले देहाय अनुसारको मापदण्ड पूरा गरेको हुनु पर्नेछ।

(क) सम्बन्धित निकायमा दर्ता भई नियमानुसार नवीकरण, लेखा परीक्षण तथा कर चुक्ता, समूह/सहकारीको हकमा वार्षिक साधारण सभा गरेको हुनु पर्नेछ।

(ख) प्रस्तावक संस्था सूचना प्रकाशन भएको मितिमा स्थापना भएको १(एक) वर्ष पुरा भई दैनिक न्यूनतम २०० (दुई सय) लिटर दुध सङ्कलन गरेको हुनु पर्नेछ।

(ग) प्रस्तावक संस्थाले दुधलाई विविधीकरण गरी वजारीकरण गरिरहेको वा गर्न ईच्छुक भई सो को स्पष्ट कार्ययोजना भएको हुनुपर्नेछ।

(घ) दुधलाई विविधीकरण गरी बजारीकरण गर्ने सुनिश्चितताको प्रतिबद्धता पत्र पेस गर्नुपर्नेछ।

१९

बैकुण्ठ अधिकारी
प्रदेश सचिव

मा. मधुसूदन पौडेल
मन्त्री

Archived at https://infobank.bagamati.gov.np

(२) कार्यालयले साझेदार संस्थालाई देहाय अनुसारका क्रियाकलापहरु सञ्चालनको लागि प्रति साझेदार बढीमा २ लाख रुपैयाँ प्रोत्साहन रकम उपलब्ध गराउन सक्नेछः-

(क) दुध विविधीकरण (दही, घ्यू, चीज, पनिर, आइसक्रिम, खुवा, छुर्पी, मिठाई आदि) गर्न आवश्यक यन्त्र तथा उपकरण खरिद,

(ख) प्रशोधन गृह निर्माण/सुधार,

(ग) उत्पादित दुग्धजन्य पदार्थको प्याकेजिङ तथा ब्रान्डिङ,

(घ) बजार प्रवर्धन कार्यक्रम (प्रदर्शनी, बजार अभिमुखीकरण, डिजिटल मार्केटिङ),

(ङ) सम्बन्धित कर्मचारी/सदस्यको तालिम तथा सीप विकास कार्यक्रम।

## परिच्छेद-२५

## पशुपन्छी मल प्रशोधनको लागि प्रविधि तथा पूर्वाधार कार्यक्रम

६३. **प्रस्तावकः** यस कार्यक्रम अन्तर्गत दर्तावाल पशुपन्छीपालक निजी फार्मले आवेदन दिन सक्नेछन्।

६४. **कार्यक्रम सञ्चालन विधि/शर्तहरुः** (१) कार्यक्रममा सहभागिताको लागि इच्छुक प्रस्तावकले दैनिक १५० के.जी. गोबर/बड्क्यौला उत्पादन वा संकलन गर्ने क्षमता खुल्ने आधार पेस गर्नुपर्नेछ।

(२) कार्यालयले साझेदार संस्थालाई देहायानुसारका कृयाकलापहरु सञ्चालन लागि प्रति साझेदार बढीमा ९(नौ) लाख रुपैयाँ प्रोत्साहन रकम उपलब्ध गराउन सक्नेछः-

(क) मल सङ्कलन व्यवस्थापन,

(ख) प्रशोधन तथा भण्डारणका लागि आवश्यक भौतिक पूर्वाधार (टहरा, सङ्कलन खाडल, ट्याङ्की, भर्मी कम्पोस्ट वेड) आदि,

(ग) मल सङ्कलन, प्रशोधन तथा प्याकेजिङसँग सम्बन्धी यन्त्र उपकरण र सामग्री खरिद।

## परिच्छेद-२६

## पशुपन्छी तथा मत्स्य यान्त्रिकीकरण प्रवर्धन कार्यक्रम

६५. **प्रस्तावकः** यस कार्यक्रम अन्तर्गत कृषक समूह, कृषि सहकारी, निजी कृषि फार्म, कृषि उद्यमीले आवेदन दिन सक्नेछन्।

६६. **कार्यक्रम सञ्चालन विधि/शर्तहरुः** (१) यस कार्यक्रम अन्तर्गत पशुपन्छी तथा मत्स्य क्षेत्रको उत्पादन, प्रशोधन, भण्डारण, विविधीकरण र बजारीकरण कार्यमा सहयोग पुग्ने औजार, यन्त्र उपकरण र मेशिनको वितरण र प्रविधि प्रवर्धन कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

बैकुण्ठ अधिकारी
प्रदेश सचिव

मा. मधुसूधन पौडेल
मन्त्री

Archived at https://infobank.bagamati.gov.np

(२) प्रस्तावकले सार्वजनिक सूचना बमोजिम सम्बन्धित निर्देशनालय/बोर्ड/कार्यालयमा अनुसूची-१८ बमोजिम आवेदन पेस गर्नुपर्नेछ।

(३) पशुपन्छी तथा मत्स्य सम्बन्धी औजार, यन्त्र उपकरण र मेशिनको न्यूनतम मापदण्ड अनुसूची-१९ बमोजिम हुनेछ।

(४) निर्देशनालय/बोर्ड/कार्यालयले पशुपन्छी तथा मत्स्य सम्बन्धी औजार, यन्त्र उपकरण र मेशिनको भूगोल सुहाउँदो वर्गीकरण गर्न सक्नेछ।

(५) अनुसूची-२० बमोजिमको सम्झौतामा उल्लेख भएको औजार, यन्त्र उपकरण र मेशिनको खरिद कार्य साझेदार आफैंले गर्नुपर्नेछ। यसरी खरिद कार्य गर्दा सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ मा भएको व्यवस्था अनुरूप गर्नुपर्नेछ।

(६) यन्त्र उपकरण खरिद गरिसकेपछि अनुसूची-२१ मा उल्लिखित रकमको आधारमा साझेदारलाई बैङ्क खातामार्फत रकम भुक्तानी गरिनेछ।

(७) सामूहिक पशुपन्छी तथा मत्स्यपालन व्यावसायलाई विशेष प्राथमिकता दिई कार्यक्रम सञ्चालन गरिनेछ।

(८) स्वदेशी उद्योग/कारखाना/आविष्कार केन्द्रबाट उत्पादित कृषि औजार उपकरणको प्रयोगलाई प्राथमिकता दिई कार्यक्रम सञ्चालन गरिनेछ।

## परिच्छेद २७

## विद्युत खपत महशुलमा सहुलियत कार्यक्रम

६७. **प्रस्तावकः** यस कार्यक्रम अन्तर्गत मत्स्यपालक कृषक/व्यवसायी तथा सहकारीबाट सञ्चालित दुग्ध चिस्यान केन्द्रले आवेदन दिन सक्नेछन्।

६८. **कार्यक्रम सञ्चालन शर्त/विधिहरुः** (१) प्रस्तावकले पेस गरेको अनुसूची-२२ बमोजिमको आवेदन, अनुसूची-२३ बमोजिमको प्रस्ताव तथा अन्य संलग्न कागजात रीतपूर्वक भए नभएको यकिन गरी निर्देशनालयले प्रस्तावकहरुको सूची प्रकाशन गरी सोको जानकारी प्रस्तावकलाई दिनेछ।

(२) प्रस्तावकलाई स्वीकृत कार्यक्रम सञ्चालन भएको आर्थिक वर्षको श्रावणदेखि चैत्र मसान्तसम्म तिरेको विद्युत खपत महशुल रकममा बढीमा ५० प्रतिशत सहुलियत रकम उपलब्ध गराइने छ।

(३) सूचीकृत प्रस्तावकले श्रावणदेखि चैत्र मसान्तसम्म तिरेको विद्युत महशुलको बिलसहित रकम भूक्तानीको लागि अनुसूची-२४ बमोजिमको निवेदन पत्र सहित निर्देशनालय वा कार्यालयमा बैशाख १५ भित्र पेस गर्नुपर्नेछ। सो समय पश्चात प्राप्त भएका निवेदन उपर आवश्यक कारबाही गरिने छैन।

बैकुण्ठ अधिकारी
प्रदेश सचिव

मा. मधुसूदन पौडेल
मन्त्री

Archived at https://infobank.bagamati.gov.np

(४) निर्देशनालय/कार्यालयले भूक्तानी दिने सहुलियत रकम स्वीकृत कार्यक्रमको बजेटको परिधीभित्र रही प्रस्तावकले उपलब्ध गराएको बैङ्क खातामा भुक्तानी गर्नेछ।

(५) स्वीकृत रकम भन्दा बढी संख्यामा माग भई रकम अपुग भएमा स्वीकृत कार्यक्रम बजेटको आधारमा समानुपातिक दर निर्धारण गरी सहुलियत रकम वितरण गरिनेछ।

(६) मत्स्यपालक कृषक/व्यवसायीहरुको हकमा सूचीकृत हुन आवश्यक मापदण्डः

(क) न्यूनतम ५ कठ्ठा क्षेत्रफलमा व्यावसायिक माछापालन गरेको। रेन्बोट्राउट जातको माछाको हकमा न्यूनतम ५०० वर्गमिटरको रेश्व हुनु पर्नेछ।

(ख) माछा पोखरीमा खपत हुने बिजुलीका लागि प्रस्तावकको नाममा विद्युत मिटर जडान गरिएको हुनुपर्ने वा सो नभए माछापालनको लागि विद्युत मिटर प्रयोग गरेको बेहोरा खुल्ने विद्युत प्राधिकरणको सिफरिस पत्र हुनु पर्नेछ।

(७) सहकारीबाट सञ्चालित दुग्ध चिस्यान केन्द्रहरुको हकमा सूचीकृत हुन आवश्यक मापदण्डः

(क) चिस्यान केन्द्रमा खपत हुने बिजुलीका लागि प्रस्तावकको नाममा विद्युत मिटर जडान गरिएको हुनुपर्ने वा सो नभए चिस्यान केन्द्रमा विद्युत मिटर प्रयोग गरेको बेहोरा खुल्ने विद्युत प्राधिकरणको सिफरिस पत्र हुनु पर्नेछ।

(ख) प्रस्तावक संस्थाले दैनिक कम्तीमा २५० लि. दुध सङ्कलन गरी कारोवार गरेको हुनु पर्नेछ।

(ग) प्रस्तावकले सूचना प्रकाशन भएको मितिमा सम्बन्धित निकायमा दर्ता भएको एक वर्ष पुरा भई वार्षिक कम्तीमा ३०० दिनसम्म कारोवार एवं सञ्चालन गरेको हुनु पर्नेछ।

(घ) प्रस्तावकले दैनिक कम्तीमा ५०० लि. क्षमताको चिलिङ भ्याट सञ्चालनमा रहेको हुनु पर्नेछ।

## परिच्छेद-२८

## कार्यक्रम सञ्चालनको आर्थिक पक्ष

६९. **साझेदार रकमः** (१) सम्झौतामा उल्लिखित क्रियाकलापहरु सञ्चालन गर्न स्वीकृत वार्षिक बजेटको परिधिभित्र रही रकम उपलब्ध गराईनेछ।

(२) निर्देशनालय/बोर्ड/कार्यालयले देहायका क्रियाकलापहरुको लागि अधिकतम प्रोत्साहन रकम प्रदान गर्न सक्नेछ।

| क्र.सं. | क्रियाकलापहरुको विवरण | प्रोत्साहन रकमको अधिकतम सीमा |
|---|---|---|
| १ | पशुपन्छी तथा मत्स्यजन्य | बढीमा ५० प्रतिशत |

बैकुण्ठ अर्यल
प्रदेश सचिव

मा. मधुसूधन पौडेल
मन्त्री

Archived at https://infobank.bagamati.gov.np

| | | |
|---|---|---|
| | उत्पादन सामग्री खरिद | |
| २ | प्रजनन् प्रयोजनको लागि भाले पशु खरिद | समूह/सहकारीको सामूहिक स्वामित्वको लागि बढीमा ८० प्रतिशत र निजी उद्यमीको हकमा बढीमा ५० प्रतिशत |
| ३ | औजार, यन्त्र उपकरण र मेशिन खरिद | बढीमा ५० प्रतिशत |
| ४ | भौतिक पूर्वाधार निर्माण/सुधार | बढीमा ८० प्रतिशत |
| ५ | प्रविधि सहितको पूर्वाधार निर्माण | बढीमा ८० प्रतिशत |
| ६ | सीप विकास तालिम सञ्चालन | बढीमा १०० प्रतिशत |

(३) कार्यक्रम बजेटको बढीमा २ प्रतिशत रकम कन्टिन्जेन्सी बापत छुट्याउन सकिनेछ र उक्त रकम सूचना प्रकाशन, इन्धन, स्टेशनरी, प्रस्तावहरुको स्थलगत निरीक्षण एवं प्रमाणीकरण, अनुगमन खर्च, बैठक भत्ता, अभिमुखीकरण आदिमा खर्च गर्न सकिनेछ।

(४) साझेदारले बिल, भरपाई, सम्बन्धित प्राविधिकले तयार गरेको कार्यसम्पन्न प्रतिवेदन तथा कार्यसम्पन्न खुल्ने फोटो सहित तोकिएको समयभित्रै निर्देशनालय/बोर्ड/कार्यालयमा भुक्तानीका लागि निवेदन पेस गर्नुपर्नेछ।

(५) भुक्तानीको लागि निवेदन प्राप्त भएपछि निर्देशनालय/बोर्ड/कार्यालयले सम्बन्धित विषय क्षेत्रका प्राविधिकबाट स्थलगत अनुगमन निरीक्षण गराउनेछ।

(६) उपदफा ५ बमोजिम साझेदारले निवेदनका साथ पेस गरेको कागजात र निर्देशनालय/बोर्ड/कार्यालयले खटाएको प्राविधिकले स्थलगत निरीक्षण गरी तयार गरेको प्राविधिक अनुगमन प्रतिवेदनको आधारमा स्वीकृत प्राविधिक मापदण्ड पुरा गरी कार्यसम्पन्न भए नभएको र रीतपूर्वक सम्पूर्ण कागजात संलग्न भए नभएको यकिन गरी निर्देशनालय/बोर्ड/कार्यालयले साझेदारको बैङ्क खातामार्फत भुक्तानी गर्नेछ।

(७) सम्झौता भएको मिति भन्दा पहिले नै सम्पन्न भएका कार्यका लागि प्रोत्साहन रकम उपलब्ध गराइने छैन।

## परिच्छेद -२९

## अन्य व्यवस्था

७०. <u>प्रस्ताव छनोट सम्बन्धी अन्य शर्तः</u> (१) गत आर्थिक वर्षमा मन्त्रालय वा मातहतका कार्यालयमार्फत कृषि क्षेत्रको विकासका लागि अनुदान प्राप्त गरेका लाभग्राहीलाई चालु आर्थिक वर्षको अनुदान कार्यक्रममा सहभागी गराईने छैन। यस सम्बन्धमा चालु आर्थिक

वर्षमा अनुदान प्रवाह गर्ने निर्देशनालय वा कार्यालयले दफा ५ बमोजिम प्रारम्भिक सूची तयार गर्ने क्रममा, गत आर्थिक वर्षमा सम्बन्धित प्रस्तावकले अनुदान प्राप्त गरेको वा नगरेको विवरण सम्बन्धित निर्देशनालय वा कार्यालयसँग पत्राचार गरी अनिवार्य रूपमा यकिन गर्नुपर्नेछ।

(२) उपदफा (१) को व्यवस्थाले निर्देशनालय/कार्यालयबाट सञ्चालन हुने बहुवर्षीय /निरन्तरता कार्यक्रम सञ्चालनमा बाधा पर्ने छैन।

(३) प्रस्तावकले चालु आर्थिक वर्षमा मन्त्रालय तथा मातहतका निर्देशनालय/कार्यालय, स्थानीय तह वा संघीय सरकारबाट सञ्चालित परियोजनाबाट सोही कार्यक्रम/क्रियाकलापका लागि अनुदान प्राप्त नगरेको बेहोरा खुल्ने अनुसूची-२५ बमोजिमको ढाँचामा स्व-घोषणा पेस गर्नुपर्नेछ। अन्य निकायबाट दोहोरो अनुदान प्राप्त भएको पाइएमा सम्झौता रद्द गरी प्रचलित कानुन बमोजिम आवश्यक कारबाही प्रक्रिया अगाडि बढाइनेछ।

(४) समूह सहकारीमा आबद्ध कृषकमध्ये गत आर्थिक वर्षमा अनुदान सहयोग प्राप्त गरेका बाहेक सोही समूह सहकारीका अन्य कृषक चालु आर्थिक वर्षको अनुदान कार्यक्रममा सहभागी हुन सक्नेछन्।

(५) विपत्‌बाट क्षति बापतको राहत रकम, बर्ड फ्लु नियन्त्रणका क्रममा नष्ट गरिएका वस्तुको लागि उपलब्ध गराइएको क्षति रकम, साइलेज प्रोत्साहन, विद्युत महशुलमा छुट, ब्याज अनुदान, घाँसको बिउ/बेर्ना/बिरुवा र नश्ल/भुरा वितरण, क्षेत्रफल/उत्पादनमा आधारित घाँस/दुधमा प्रोत्साहन अनुदान तथा कार्यालयबाट सञ्चालित चिकित्सा सेवा, प्रयोगशाला सेवा, कृत्रिम गर्भाधान सेवा वा कार्यालयबाट उपलब्ध गराइने औषधी/खनिज/भिटामिन जस्ता सेवाटेवा कार्यक्रममार्फत अनुदान सहयोग प्राप्त गरेका कृषकले यस कार्यविधिबमोजिमका कार्यक्रम र अन्य अनुदान कार्यक्रममा समेत सहभागी हुन सक्नेछन्।

७१. <u>पशुपन्छीमा लाग्ने संक्रामक रोग विरुद्धको खोप कार्यक्रम:</u> कार्यालयले नियमित र अभियानमुखी खोप कार्यक्रम सञ्चालन गर्दा लजिष्टिक र पारिश्रमिकमा मात्र खर्च गर्न सक्नेछ। आकस्मिक रुपमा देखा पर्ने संक्रामक रोगहरुको रोकथाम र नियन्त्रणका लागि कार्यालयले अभियानमुखी खोप कार्यक्रममार्फत नै रोकथाम र नियन्त्रण कार्यक्रम सञ्चालन गर्नुपर्नेछ। रोगको रोकथाम तथा नियन्त्रणका लागि थप खोप आवश्यक भएको अवस्थामा कार्यालयले प्राविधिक पुष्ट्याई सहितको प्रतिवेदन एक तहमाथि पेस गरी स्वीकृति लिएर थप खोप खरिद गर्न सक्नेछ।

७२. <u>सार्वजनिक सुनुवाई:</u> स्वीकृत कार्यक्रम सम्पन्न भएपश्चात लाभग्राहीले सार्वजनिक सुनुवाई आयोजना गरी उक्त सुनुवाईको उपस्थितिको विवरण, निर्णय र फोटो भुक्तानी कागजातका साथ पेस गर्नुपर्नेछ।

बैकुण्ठ अधिकारी
प्रदेश सचिव

मा. मधुसूदन पौडेल
मन्त्री

Archived at https://infobank.bagamati.gov.np

७३. <u>सार्वजनिक सूचना पाटी सम्बन्धी व्यवस्था:</u> प्रोत्साहन रकम प्राप्त गर्ने लाभग्राहीले कार्यक्रम सम्पन्न भएको स्थलमा अनुसूची-२६ बमोजिमको सार्वजनिक सूचना पाटी सबैले देख्ने गरी टाँस गर्नु पर्नेछ।

७४. <u>विवरण उपलब्ध गराउने:</u> स्वीकृत वार्षिक कार्यक्रम सम्पन्न भएपश्चात निर्देशनालय/बोर्ड तथा कार्यालयले लाभग्राहीको विवरण नियमित अद्यावधिक गरी प्रकाशन एवं सम्बन्धित माथिल्लो निकायमा पठाउनु पर्नेछ।

